**श्री सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका श्रीमान् सविचज्यू र पुरातत्व विभागका महानिर्देशकज्यू वीच कार्य सम्पादनका सम्बन्धमा भएको सम्झौता बमोजिम भएका हालसम्मको प्रगति विवरण :**

- चालू आर्थिक वर्ष का कार्यक्रमहरुमध्ये १३ वटा परियोजनाहरुको टेण्डर सूचना प्रकाशन गरिसकिएको,

- धरहराको Variation का सम्बन्धमा महानिर्देशकज्यूको संयोजकत्वमा गठित समितिले तयार पारेको प्रतिवेदन विशेषज्ञहरुको रायका लागि पठाइकोमा सो को राय सहितको प्रतिवेदन भोलिसम्ममा आउने हुँदा प्रतिवेदन प्राप्त भएपछि पेश गरिनेछ,

- काठमाडौं महानगरपालिकाले पुन: निर्माण शुरु गरेको रानी पोखरीस्थित सन्तानेश्वर महादेवको मन्दिर पुरातात्विक संरक्षणको मापदण्ड विपरित निर्माण कार्य शुरु गरेकाले उक्त संरचना भत्काउन पुरातत्व विभागले आदेश दिएको र सो सम्बन्धमा काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत र विभागका महानिर्देशकज्यूको उपस्थितिमा राष्ट्रिय पुन: निर्माण प्राधिकरणले आयोजना गरेको बैठकमा उक्त मन्दिरको पुन: निर्माण कार्य पुरातत्व विभागबाटै गराउने भनी निर्णय गरिसकेको हुँदा सो को लागि आवश्यक बजेट आएपछि पुरातत्व विभागले तुरुन्त कार्यारम्भ गर्ने प्रक्रियामा रहेको,

- साँस्कृतिक सम्पदाहरुको पुन: निर्माणका लागि आवश्यक काठका लागि पुरातत्व विभागको सिफारिशमा टिम्बर कर्पोरेशनले उपलब्ध गराउने भनी टिम्बर कर्पोरेशनका महाप्रवन्धकज्यू र विभागका महानिर्देशकज्यूको संयुक्त संयोजकत्वमा बैठक बसी निर्णय गरिएको,

- श्रीलंका सरकारसँग भएको सम्झौता बमोजिम स्वयम्भूस्थित आनन्दकुटी विहार र बुङ्गमतीस्थित रातो मच्छिन्द्रनाथको मन्दिरको पुन: निर्माण कार्य शुरु भइरहेको,

- हनुमानढोकास्थित नौतले दरवारको पुन: निर्माणका लागि नेपाल सरकार, श्री अर्थ मन्त्रालय र चीन सरकार बीच भएको सैद्धान्तिक सम्झौता बमोजिम चीन सरकार र नेपाल सरकार, पुरातत्व विभाग बीच सम्झौता भएको,
- हनुमानढोकास्थित गद्दी बैठकको पुन: निर्माणका लागि राष्ट्रिय पुन: निर्माण प्राधिकरणबाट स्वीकृति प्राप्त गरेको Miyamoto Relief ले American Ambassador's Fund बाट कार्य शुरु गर्ने सम्बन्धमा MoU को प्रक्रियामा रहेको,

- जापान सरकारबाट सहयोग स्वरुप हनुमानढोका दरवारस्थित आगमछें र शिव मन्दिर पुन: निर्माण गर्ने प्रस्ताव आएको हुँदा सो को लागि आवश्यक छलफल भइरहेको,
- स्वयम्भूस्थित शान्तिपुर मन्दिरको पुन: निर्माण स्थानियवासीहरु समेतको सहभागितामा स्थानीय स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिबाट गर्ने माग भए बमोजिम सोही बमोजिम कार्य शुरु गरिएको र प्रतापपुर तथा अनन्तपुर मन्दिरहरुको पुन: निर्माण कार्य भइरहेको,